## भानु नगरपालिकाको बाह्रौं नगरसभा

२०८० असार १०

## भानु नगरपालिकाका प्रमुख श्री आनन्द राज त्रिपाठीद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को

# वार्षिक नीति तथा कार्यक्रम






भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार तनहुँ

गण्डकी प्रदेश नेपाल

"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो"

नगरसभाका सभासद ज्यूहरु

राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित महानुभावहरु,

यस भानु नगरपालिकाको गरिमामय बाह्रौं नगर सभामा आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु ।

भानु नगरपालिकाको गरिमामय बाह्रौं तथा नेपालको संविधान अनुसार स्थानीय सरकार गठनको दोस्रो निर्वाचन पछिको तेस्रो नगरसभामा उपस्थित भइरहेका छौं । नेपालको सार्वभौमसत्ता, स्वधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको उच्च योगदानको पुनः स्मरण गर्न चाहन्छु ।

स्थानीय सरकार नागरिकको नजिकको सरकार हो जहाँ नागरिकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ । तीन तहका सरकारहरुले नागरिकलाई यथोचित सेवा सुविधा प्रदान गर्दै आइरहेका छन् । संघीय संरचना संगै राजश्वका क्षेत्र र स्रोतहरु मूलतः संघीय सरकारबाट प्राप्त रकम, सशर्त अनुदान, समपुरक अनुदान र प्रादेशिक सरकारबाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो ।

आफ्नै स्रोत र राजश्वको हिस्सा हाम्रो बजेटमा न्युन रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सशर्त अनुदानको हिस्सा बढी भएको अवस्थामा स्थानीय समस्याहरु समाधान गर्न कठिन रहेको परिप्रेक्ष्यमा सबै क्षेत्रमा समुचित एवम् समन्यायिक हिसाबले सम्बोधन गर्न नसकिने कुरा सर्वविदितै छ ।

देशमा संघीयता कार्यान्वयन पश्चात पहिलो पटक गठित स्थानीय सरकारले "साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो" भन्ने मूल नारा लिएर कृयाशील भएको थियो ।"समुन्नत नागरिक सुरक्षित गाउँ शहर, जनताको कर जनताको घर, सुशासन सहित लोकतान्त्रिक समाजवाद उन्मुख नगर" निर्माण गर्ने सोच सहित योजना तर्जुमा गरी नगरले आँफूलाई नगरको सन्तुलित विकास र समृद्धिको यात्रालाई तीव्रता दिने गहन जिम्मेवारीबोध गरी यस नगरसभा समक्ष आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

परिवर्तित परिस्थितिमा भानुवासी नागरिकहरुको विकास र सुशासनको उच्च आकांक्षा पुरा गर्न प्रशासनिक क्षमता, जनशक्तिको दक्षता, अनुभवको अधिकतम् उपयोग गरी समृद्ध र समुन्नत भानु नगर निर्माणमा जुट्नु पर्ने भएको छ ।

यस नीति तथा कार्यक्रम निर्माण गर्दा चालु पन्ध्रौं योजना, दिगो विकासका लक्ष्य, नगरका मौलिक विशेषता र नगरवासीको आकांक्षा, विषयगत समितिका सुझाव, गाउँ बस्ती र वडा स्तरबाट प्रतिबिम्बित जनताका चाहना र सम्बन्धित सरोकारवालाबाट प्राप्त सुझावका साथै हाल सम्मका प्रगति र अनुभवलाई आधार मानी प्रस्तुत आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

नगरसभाका सदस्य ज्युहरु

अब म नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु :

१. आर्थिक विकास
२. सामाजिक विकास
३. पूर्वाधार विकास
४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन
५. वन वातावरण र विपद व्यवस्थापन

२०८०/०३/०१
आनन्द राज त्रिपाठी
प्रमुख

६. राजस्व प्रशासन

७. गैर सरकारी संस्था र निजी क्षेत्रसँगको साझेदारी

८. सार्वजनिक-निजी-सहकारी साझेदारी

अब म आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम अन्तर्गत क्षेत्रगत कार्यक्रम र प्राथमिकताहरु यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छुः

## १. आर्थिक विकास तर्फ :-

विकासको मूल आधार कृषि र पशुपालन नै रहेको र परम्परागत निर्वाहमुखी खेतीप्रणालीलाई सामुहिक र सहकारीमा आधारित प्रणालीमा प्रतिस्थापन गरी स्वरोजगारको सिर्जना गर्न आवश्यक छ । नगरको आर्थिक समृद्धिको प्रमुख स्रोत कृषि नै हो । साथै पर्यटन क्षेत्रको पूर्वाधार, साना तथा लघु उद्यम विकास मार्फत् आत्मनिर्भर हुन सकिन्छ भन्ने कुरामा जोड दिँदै आर्थिक विकास सम्वन्धी निम्न नीति र कार्यक्रम प्रस्तुत गर्दछु ।

### क) कृषि तथा पशुपन्छी विकास

१. कृषकहरुको उत्पादनलाई प्रोत्साहन गर्न तथा उपभोक्ताहरुलाई गुणस्तरीय कृषि उपज उपलब्ध गराउन कृषि बजार सञ्चालनको प्रवन्ध मिलाईनेछ ।

२. कृषियोग्य जमिन ३ वर्ष भन्दा बढी समयसम्म बाँझो रहेको अवस्थामा कृषि उत्पादन गर्नको निमित्त आवश्यक कागजपत्र एवम् कार्यविधिको आधारमा संघ तथा प्रदेश सरकार संग आवश्यक समन्वय गरी प्रत्यक्ष अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

३. कृषिजन्य उत्पादन तथा पशुपालनका पकेट क्षेत्र पहिचान गरी "पाइलट प्रोजेक्ट" का रुपमा सामुहिक तथा व्यवसायिक कृषि उत्पादनमा आधारित कार्यक्रमलाई जोड दिईनेछ ।

४. आ.व. २०७९/०८० मा शुरु गरिएको चाक्लाबन्दी अभ्यासलाई आत्मसात गरी अन्य सम्भावित स्थानको पहिचान गरी प्रदेश सरकारको समन्वयमा चक्लावन्दी कार्यक्रम लाई निरन्तरता दिनुका साथै कृषकको मनोवल वृद्धि गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।

५. खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका निकै कम खेती गरिने रैथाने जातका बालीहरु जस्तै: कोदो, फापर, चिनो, कागुनो, लट्टे आदि स्थानीय बालीहरुको प्रबर्द्धनमा जोड दिई अर्गानिक खेति प्रणाली लाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. "एक वडा - एक पकेट उत्पादन" / "एक गाउँ एक उत्पादन"को नीति अनुरुप कृषिबालीको प्रकृतिको आधारमा नगर भित्रका कृषियोग्य जमिनको पहिचान गरी नगरपालिकाका क्षेत्र भित्रका प्रत्येक वडालाई कम्तिमा एक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

७. कृषिमा घरेलु तथा स्थानीय प्रविधिलाई परिमार्जन गरी नवीनतम् प्रविधि, यान्त्रिकीकरण, चक्लाबन्दीमा जोड दिई किसान क्लबको गठन गरिनेछ ।

८. परम्परागत र निर्वाहमुखी अवस्थामा रहेका साना कृषकहरुलाई समूहमा आवद्ध गराई कृषि तथा पशुपन्छीको साना व्यवसायिक उत्पादन केन्द्र स्थापनामा जोड दिइनेछ ।

९. पशुपन्छी तथा बालीनालीका रोग किराहरुको अग्रीम पहिचान तथा स्वस्थान नियन्त्रणका लागि रोग पहिचान तथा निगरानी प्रणाली विकास गरी आवश्यक वाली संरक्षण तथा महामारी रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. भानुको चिनारीको रुपमा रहेको पारकोटे (पूकोटे) भैंसीको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

आनन्द राज त्रिपाठी

प्रमुख

११. भानु नगरपालिका भित्र भएका सार्वजनिक तथा व्यक्तिगत बाँझो जमिनमा स्थानीय प्रजातिका फलफूल खेती लगाउन स्थानीय कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

१२. माछा उत्पादन र उपभोगलाई जोड दिदै नयाँ मत्स्यपोखरी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

१३. कृषि बिमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उत्पादित उपभोग्य वस्तुहरुको विक्री वितरणको लागि कृषि बजारको व्यवास्थापन गर्ने नीति लिईनेछ ।

१४. स्थानीय किसानहरुको व्यवसाय प्रबर्द्धन र जीवनस्तर सुधारका लागि दुध उत्पादनमा अनुदान दिने र चिस्यान केन्द्र स्थापना गर्ने कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१५. नगरपालिका क्षेत्रलाई कच्ची कुलोरहित क्षेत्रको रुपमा विकास गर्न प्रदेश सरकारसंग समन्वय गरी सिंचाई योजनाहरु संचालन गरिनेछ ।

१६. पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि घाँसमा आधारित पशुपालन र नश्ल सुधारको लागि कृत्रिम गर्भादान कार्यक्रम प्राथमिकतापूर्वक सञ्चालन गरिनेछ ।

१७. कृषि विकास, पशु विकास, दुध उत्पादन तथा सहकारीको प्रवर्द्धन र विकासका लागि सम्भाव्य बस्तीहरुको पहुँचमा ल्याउन नगरपालिका भित्र रहेका दर्तावाला सहकारी तथा कृषक समूहहरुलाई संस्थागत विकास र व्यवसायिक तालिम प्रदान गरिनेछ । नगरपालिकामा उपलब्ध जनशक्तिबाट मात्र यो कार्य सम्भव नभएमा विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी सहकार्यात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१८. पशुपालक किसानको जीवनस्तर उकास्नका लागि उन्नत पशु बिउको व्यवस्था गरिनेछ । साथै पशु रोग पहिचान र खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. पशुनश्ल सुधार र पशु बिमामा अनुदान कार्यकम र दुग्ध उत्पादकका लागि प्राविधिक सहयोगको व्यवस्था गरिनेछ ।

२०. व्यबसायिक मौरीपालन कार्यक्रमलाई प्रोत्साहन स्वरुप मौरी घार वितरण गरिनुका साथै भानु नगरपालिकामा उत्पादित मह लगायत अन्य स्थानीय उत्पादनको ब्रान्डिंग गरी विक्री वितरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

२१. कर्स्याँदी खोला चन्द्रावती देखि साजबोटे चुँदी खोला सम्म तटबन्धनको पञ्चवर्षीय योजना बनाई कृषि जमिनको संरक्षणको निमित्त संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

२२. पशुपालन व्यवसायलाई प्रोत्साहित गर्दै यस नगरपालिकालाई दुध ,मासु र अण्डामा आत्मनिर्भर बनाउदै लगिनेछ ।

२३. नगर स्तरमा उत्पादित वस्तु तथा सेवाको उपयोगमा प्रोत्साहन गर्न "नगरको उत्पादन, हाम्रो पहिचान" कार्यक्रमको थालनी गरी कार्यान्वयनका लागि नगर भित्र उत्पादित वस्तु उपयोग गर्ने नीति लिईनेछ ।

२४. कृषि उपज उत्पादन गरी भण्डारणको लागि कोल्डस्टोर निर्माण गर्न प्रदेश र संघ सरकार संग आवश्यक सहकार्य र समन्वय गरी लागत साझेदारी मोडलमा स्थापना गर्ने आवश्यक पहल गरिनेछ ।

२५. "एक घर, एक करेसावारी" भन्ने नाराका साथ तरकारी उत्पादनमा जोड दिइनेछ । साथै आफ्नो उत्पादन आँफै उपभोगको नीति अबलम्बन गरिनेछ ।

२६. कृषि क्षेत्रको प्रवर्द्धनका लागि मिनिट्रिलर खरीद तथा वितरण र मौरीपालन व्यवसायलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

२७. पशुको अवस्था पहिचान र पशु बिमाको व्यबस्था गरी व्यबसायिक पशुपालन तथा कृषिमा युवाको आकर्षण गराई किसानलाई आत्मनिर्भर गराई "भानुको आह्वान, सामुहिक खेति प्रणालीलाई प्रोत्साहन" गरिने नीति लिइनेछ ।

ख) पर्यटन तथा संस्कृति संरक्षण

आनन्द राज त्रिपाठी

आनन्दराज त्रिपाठी
२०८०।०३।१०।

१ "भानु जन्मस्थल जाउँ, भानुलाई चिनाऔं" भन्दै 'नेपालको गौरव नेपाली भाषीहरुको पौरख' सहित बृहत् भानुको पूर्णकदको प्रतिमा खडा गर्नुका साथै भानु साहित्यिक उद्यानको रुपमा विकास गर्न देश, तथा विदेश स्थित दातृ निकाय, प्रदेश र संघ सरकार संग समन्वय गरिनेछ ।

२ यस नगरका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक एवम् पर्यटकीय सम्पदाहरुको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्ध्दनको लागि आवश्यक पूर्वाधारको निर्माण गर्दै लगिनेछ ।

३ स्थानीय उत्पादित तथा हस्तकला, मूर्तिकला र काष्ठकलाको भानु नगर भित्रका ऐतिहासिक एवम् धार्मिक महत्व बोकेका सम्पूर्ण धार्मिक स्थलहरुमा व्यवस्थित पदमार्गको निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटकीय गन्तव्य स्थलको विकास गरिनेछ ।

४ बजारीकरण र प्रचार प्रसारको लागि नगरका पर्यटन सम्भावित तथा CORE LOCATION मा "कोसेली घर" स्थापना गर्न नगरवासीलाई प्रोत्साहन गरिनेछ ।

५ नगरपालिका क्षेत्र भित्र रहेका पर्यटकीय गन्तव्यहरुको पहिचान गरी यसको संरक्षण र संबर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । भानु नगरपालिकाको चिनारीको रुपमा रहेको महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु मिर्लुङ्ग पर्यटन क्षेत्रको विकास गर्दै उक्त स्थानलाई ध्यानकेन्द्रको रुपमा विकास गर्ने, थानीमाई मन्दिर, भर्यैरथान, बाललहरी, सानो थानीको थान, खुर्पाजुङ् भगवतीपानी मन्दिर, १२ वर्षे गोदावरी मेला, ज्यामरुक कोट, चोककोट लगायतका ऐतिहासिक स्थल धार्मिक मठ मन्दिर, गुम्बा तथा गढीहरु तथा पर्यटकीय संभावनाका अन्य क्षेत्रहरुको विकास, संरक्षण र प्रवर्द्धनको लागि प्रदेश सरकार र संघ सरकारसँगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

६ चन्द्रावती देखि मिर्लुङकोट सम्मको केवलकार परियोजनाको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान तयार पारी यसको निर्माणका लागि निजी क्षेत्रलाई समेत प्रोत्साहित गरी आवश्यक प्रकृया अघि बढाइनेछ ।

७ कर्स्याङ् खोला कृतिम ताल (जलासय) निर्माण तथा संरक्षण गरी यसलाई बहुउद्देश्सीय रुपमा विकास गरी पर्यटन प्रबर्द्धन गर्न पहल गरिनेछ ।

८ समुदायले सञ्चालन गरेका होमस्टे प्रबर्द्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित सञ्चालनका लागि एकै रंग रोगनका घर तथा उपलब्ध सेवा सुविधामा एकरुपता कायम गर्ने गरी होमस्टे सञ्चालकहरुको क्षमता विकासका साथै व्यवस्थापकीय क्षेत्रमा सहयोग गरिने छ । होमस्टे सञ्चालनका क्रममा स्थानीय रैथाने बाली र उत्पादनहरुलाई प्रयोग र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

९ भानु नगरपालिकाका विभिन्न जाति तथा समुदायहरुको मौलिक संस्कृति, परम्परा, नाचगान, भाषा, भेषभुषाको संरक्षण र सम्बर्धन गर्ने कार्यकमहरुलाई प्राथमिकता दिईनेछ ।

१० नगरपालिकाको ईतिहास र गौरवको रुपमा रहेका पाटी, पौवा ,गुठि, कोट र गढीको संरक्षण गरिनेछ ।

११ नेपालको मौलिक कला र संस्कृति झल्किने खाना, पहिरन तथा रोधि, घाँटु, कौरा, चुट्का, झाम्रे, पाउँदुरे नाच, चुड्का, भजन, बालन लगायतका पहिचान संरक्षण गर्दै यसको प्रबर्द्धन गर्न "भानु नगरको होमस्टे जाँउ" भन्ने नारालाई सार्थक तुल्याउन समुदायले सञ्चालन गरेका होमस्टे प्रवर्द्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रुपमा होमस्टे सञ्चालनमा सहयोग गरिनेछ ।

१२ नगरभित्रका चोक कोट, मिर्लुङ कोट लगायत सम्भावित स्थान हरुमा प्यारागलाइडिङ्ग को सम्भाव्यता अध्ययन गरी प्रदेश र संघ सरकार संग समन्वय गरी आबश्यक प्रकृया अगाडि बढाईनेछ ।

ग) उद्योग वाणिज्य

आनन्दराज त्रिपाठी
२०८०।०३।१०।
आनन्द राज त्रिपाठी
प्रमुख

२०८०।०२।१०

१ उद्योग तथा वाणिज्य क्षेत्रका छाता संगठनहरु, लेखापरीक्षकहरु तथा कर कार्यालय संग समन्वय गरी व्यवसायीहरुको क्षमता अभिवृद्धि कार्यक्रम, बजार व्यवास्थापन तथा बजार अनुगमन, व्यवसाय दर्ता तथा कर तिर्ने बानी प्रति अभिप्रेरित गर्न विभिन्न तालिम /कार्यक्रम संचालन गरिनेछ ।

२ भानु नगरपालिका स्थित वडा नं ३ दोरदोरटारमा उद्योग ग्राम स्थापनाको कार्यलाई निरन्तरता दिदै अविलम्व निर्माण कार्य सम्पन्न गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

३ लगानीमैत्री वातावरण सिर्जना गर्ने अवधारणा स्वरुप INVEST IN BHANU को अभियान संचालन गरिनेछ ।

४ स्थानीय कला, परम्परागत सीप र प्रविधिको संरक्षण गर्दै नगरपालिकाको पहिचान झल्किने वस्तुहरुको उत्पादन वृद्धि गर्न घेरलु तथा साना उद्योगहरुको प्रवर्द्धन गरिनेछ ।

५ वैदेशिक रोजगारबाट फर्किएका तथा रोजगारी गुमाएका युवाहरुलाई उनीहरुको सीप र रुचीका आधारमा उपयुक्त व्यवसाय एंव रोजगारी तर्फ आकर्षित गर्न सिप विकास तालिम सञ्चालन गरिनेछ ।

६ आत्मनिर्भर, आयात प्रतिस्थापन तथा निर्यातजन्य उत्पादनमा लगानी वृद्धि गरी युवा उधमीलाई प्रोत्साहित गरिने छ ।

७ कृषि तथा पशुपन्छीमा आधारित उद्योगको स्थापना, सञ्चालन तथा सुदृढीकरण कार्यलाई प्रोत्साहित गरिनेछ ।

८ उपभोक्ताको हितलाई मध्यनजर गर्दै बजारमा गुणस्तरीय वस्तु आपूर्तिको सुनिश्चितता, व्यपारिक स्वच्छता र अनुशासन कायम गर्न बजार अनुगमनलाई प्रभावकारी बनाइ उपभोक्ताको हित संरक्षण गर्ने नीति लिईनेछ ।

९ लघु उद्यमको प्रवर्दन गरी गरिबी घटाउन गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## २. सामाजिक विकास

विकास र समृद्धिको असिम सपना सौंचेर नगरवासीहरुको वर्षौदेखि परिणाममुखी प्रतिफल प्रास गर्ने अभिलाषालाई वास्तविक रुपमा अनुभूति गराउने मूल आधार नै सामाजिक विकास हो । शारीरिक, मानसिक र सामाजिक स्तरबाट स्वस्थ ज्ञान, विज्ञान र चेतनाबाट अभिप्रेरित भएको नागरिक विकास तथा मानवपूँजी निर्माण गर्न सामाजिक विकास सम्बन्धी तपशिल बमोजिमको नीति लिइनेछ छ ।

### क) स्वास्थ्य सेवा

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर र पहुचँ अभिवृद्धि गर्न नगर जनस्वास्थ्य ऐन जारी गरिनेछ ।

२. अति विपन्न परिवारको लागि स्वाथ्य उपचारको लागि निःशुल्क अस्पताल सम्म आउने जानेको व्यवस्थापन गर्ने नीति लिईनेछ ।

३. 'सुत्केरी आमा, पोषिलो खाना', 'सुत्केरीको स्याहार बच्चाको आहार' र 'पोषण कुपन' को व्यबस्था गर्ने नीति लिईनेछ ।

४. पुरनडिही नगर अस्पताल र नगरस्तरीय कालीमाटी अस्पतालको अत्याधुनिक भवन निर्माण कार्यलाई आगामी वर्ष भित्रमा सम्पन्न हुने लक्ष्यका साथ कार्य अगाडि बढाईनेछ ।

५. "म स्वस्थ मेरो नगर स्वस्थ" सहितको नारालाई आत्मसात गरी नगरवासीको पायक पर्ने स्थानहरुमा मासिक एकीकृत जनस्वास्थ्य अभियान संचालन गरिनेछ ।

६. स्वास्थ्यको सुविधालाई मध्यनजर राखी "रोगको विचार घर घरमा उपचार" भन्ने नारालाई आत्मसात गर्दै 'गाउँ घर क्लिनिक' कार्यक्रमको व्यबस्था गर्ने नीति लिईनेछ ।

७. क्यान्सर, मुटु, मिर्गौला, स्पाईनल ईन्जुरी लगायतका उपचारमा अति विपन्न बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. पूर्ण खोप अभियानलाई निरन्तरता दिई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने सरुवा रोग, किटजन्य रोग, पशुजन्य रोग, जलवायू परिवर्तन, (COVID-19 ) अन्य रोग तथा महामारी नियन्त्रणका उपायहरु अपनाइने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरी स्वस्थ जीवनशैली कार्यक्रम संचालन गरिनेछ।

१०. महिला स्वास्थ्य स्वयंमसेविकालाई योग तथा भानुमा उत्पादित जडिबुटीको तालिम दिई उनीहरु मार्फत घर घरमा योग र जडिबुटी तथा आयुर्वेद शिक्षा पुऱ्याइनेछ ।

११. नगरभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाबाट नेपाल सरकारले तोकेका सम्पूर्ण औषधिहरु सहज र सुलभ रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।साथै नगरपालिकाको आफ्नै पहलमा फार्मेसी सेवा सञ्चालन गरी नागरिकहरुलाई सर्वसुलभ रुपमा औषधि उपलब्ध गराउने प्रक्रियाको थालनि गरिनेछ ।

१२. स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ एंव व्यवस्थित गर्दै उक्त सेवालाई नगरस्तरीय अस्पताल कालिमाटीमा समेत बिस्तार गरिनेछ । यस कार्यक्रममा विपन्न नागरिक, बेपत्ता पारिएका, शहीद परिवार, भूमिहिन सुकुम्बासी र भूमिहिन दलितहरुलाई प्राथमिकतामा राखी सहभागी गराइनेछ । यसका लागि स्थानीय कार्यविधि निर्माण गरी यसलाई व्यवस्थित बनाइनेछ ।

१३. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा योग प्रणालीलाई थप विकसित र सुदृढ गरिनेछ ।

१४. स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी र गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।साथै सबै स्वास्थ्य संस्थाहरुलाई प्राविधिक जनशक्ति र उपकरणले सुदृढ गराइनेछ ।

१५. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

१६. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण गर्दै सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट अनलाइन रिपोर्टिङको व्यवस्था मिलाइनेछ ।

१७. मानसिक स्वास्थ्य, आखाँ, कान, नाक, घाँटी र मुख तथा दन्त सेवालाई सञ्चालन र विस्तार गरिनेछ ।

१८. विशेषज्ञ सेवाको प्रारम्भ गर्दै पालिका भित्रका स्वास्थ्य संस्था भित्र मेडिकल अधिकृतको सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

१९. मातृ शिशु सेवा, खोप, प्रजनन स्वास्थ्य सेवालाई थप व्यवस्थित र समय अनुकुल स्तरीय बनाउदै लगिनेछ ।

२०. नगरका जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै जेष्ठ नागरिकको स्वास्थ्य उपचार प्रणालीलाई निरन्तरता दिंदै थप सुदृढीकरण गरिनेछ ।

२१. निजी स्वास्थ्य संस्था र क्लिनिकहरु (Pharmacy) हरुको दर्ता तथा नियमित रुपमा लेखा परीक्षण र नवीकरणलाई अनुगमन गरी स्वास्थ्य मापदण्डको दायरामा ल्याईनेछ ।

२२. क्षयरोग मुक्त अभियानलाई निरन्तरता दिदै भानु नगरपालिकामा ३ वर्षमा क्षयरोगलाई शुन्य गरिने लक्ष्य लिईनेछ ।

ख) शिक्षा

१. भानु नगरपालिकको स्वीकृत पञ्चवर्षीय नगर शिक्षा योजना (२०७९/०८० - २०८३/०८४) तथा यसमा उल्लेखित शैक्षिक कार्यक्रमलाई व्यवस्थित, प्रणालीगत र योजनवद्ध रुपमा कार्यान्वयन गरिनेछ ।

२. विद्यालयको भौतिक संरचना बालमैत्री र अपांगमैत्री बनाइनुका साथै वालविकास केन्द्रलाई वालमैत्री बनाई अनुकुल सिकाइ वातावरण सिर्जना गरिनेछ ।

३. भानु नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रममा भानु नगरका ऐतिहासिक, साहित्य, पर्यटन, कला र संस्कृति आदिको विषयमा पठन पाठन लागु गराइनेछ ।

४. विद्यालय तहको आधारको रुपमा रहेको बाल विकास केन्द्रलाई स्रोतपूर्ण, बालमैत्री र आकर्षक बनाई शिक्षामाँ बालबालिकाहरुको आकर्षण वृद्धि गरिनेछ ।

५. विद्यालयको पूर्वाधारका साथै गुणात्मक शिक्षाको अवधारणालाई कडाईका साथ प्रयोग ल्याइने छ ।

६. भानु नगरपालिका भित्रका शैक्षिक गुणस्तर सुधारको लागि सामुदायिक र संस्थागत विद्यालयहरुसंग आवश्यक समन्वय, सहयोग र सहकार्यको नीति अवलम्बन गरिनेछ ।

आनन्द राज त्रिपाठी

प्रमुख

७. भानु नगर भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षामा पहुँचको सुनिश्चितता गर्न सबै विद्यालयहरुमा बालमैत्री वातावरणको निर्माण गरिनेछ ।

८. भानु नगर भित्र रहेका शिक्षक दरबन्दीको यथोचित वितरण र व्यवस्थापन गरी कानूनसम्मत रुपमा विद्यालयको नेतृत्व विकास गरिनेछ ।

९. सबै विद्यालयहरुलाई आधुनिक सूचना प्रविधिको प्रयोगका लागि सक्षम बनाइनेछ र यसका लागि सबै विद्यालयहरुमा इन्टरनेट तथा आवश्यक उपकरणको व्यवस्था गरी प्रयोगमैत्री बनाइनेछ ।

१०. सामुदायिक विद्यालयहरुलाई माग र आवश्यकताका आधारमा क्रमशः स्कूल बसको व्यवस्था लाई दातृ निकाय तथा प्रदेश र संघ सरकारसंगको समन्वयमा विशेष पहल गरिनेछ ।

११. शिक्षक डायरीको प्रयोग, शैक्षिक उपलब्धि, सुशासन तथा सिर्जनशीलता जस्ता कार्यसम्पादन सूचकका आधारमा शिक्षक कर्मचारीलाई सम्मान एवम् प्रोत्साहन गरिनेछ ।

१२. शिक्षा दिवस समारोहको आयोजना गरी शिक्षा क्षेत्रको विकासको समीक्षा गर्दै विभिन्न रचनात्मक कार्यक्रमहरुका साथ शिक्षक कर्मचारी तथा अन्य शैक्षिक व्यक्तित्वहरुलाई सम्मान गरिनेछ ।

१३. प्रत्येक विद्यालयको पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माणका लागि सरोकारवालाको क्षमता विकास गरी विद्यालयको कुशल व्यवस्थापन एवम् शैक्षिक सुशासन कायम गर्ने प्रयास गरिनेछ ।

१४. आधारभूत तहका कक्षाहरुमा एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै आधारभूत तहमा सुधारात्मक मूल्याङ्कन पद्धति अनुसार विद्यार्थीको मूल्याङ्कन एवम् अभिलेख प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।

१५. शिक्षक र विद्यार्थीहरुमा शैक्षिक सामग्री निर्माण गर्ने सीपको विकास गरी सिर्जनात्मकतालाई प्रोत्साहन गर्न शैक्षिक सामग्री कार्यशाला तथा प्रदर्शनीको आयोजना गरिनेछ ।

१६. विद्यालय शिक्षालाई गुणस्तरीय, समयसापेक्ष र सुशासनयुक्त बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रध्यानाध्यापकलाई विद्यालय सुधार योजना सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।

१७. नगरपालिका भित्रका सबै शिक्षकहरुको व्यक्तिगत विवरण तथा विद्यालयसम्बन्धी अन्य अभिलेखलाई अद्यावधिक गरी संस्थागत अभिलेखलाई व्यवस्थित बनाइनेछ ।

१८. आधारभूत तहदेखि माध्यमिक तहसम्मका बालबालिकाहरु बीच विभिन्न अतिरिक्त क्रियाकलापहरुमा स्वस्थ प्रतिस्पर्धा गराई बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फूटन गरी प्रोत्साहन गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१९. आधारभूत तथा माध्यमिक तहका विषयगत शिक्षकहरुको ज्ञान, सीप र अनुभव आदानप्रदान गरी शिक्षकको पेशागत क्षमता विकासका लागि छोटो अवधिको तालिम तथा विषयगत शिक्षकको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. विद्यालयका प्रधानाध्यापक तथा लेखा शिक्षकहरुलाई आधुनिक लेखा व्यवस्थापन सम्बन्धी क्षमता विकासको तालिम दिई आर्थिक पारदर्शिता र शैक्षिक सुशासन कायम गरिनेछ ।

२१. कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा विषयगत उत्कृष्ट औसत सिकाइ उपलब्धि हासिल गराउने विषयगत शिक्षक तथा मेधावी विद्यार्थीहरुलाई पुरस्कृत गरी सिर्जनात्मक कामका लागि थप प्रेरणा र हौसला प्रदान गरिनेछ ।

२२. विद्यालय अनुगमन प्रणालीको संयन्त्र निर्माण गरी नियमित रुपमा विद्यालयको अनुगमन निरीक्षण तथा सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण दिने र शिक्षकको पेशागत विकासका लागि अनुकूल वातावरण निर्माण गरिनेछ ।

२३. भानु नगरपालिकामा सञ्चालित प्राविधिक शिक्षालयको स्तरोन्नति गरी ती शिक्षालयमा व्यवहारिक एवम् प्राविधिमुलक शिक्षाको व्यवस्था गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

२४. सामुदयिक विद्यालयको सुधार र शैक्षिक गुणस्तर अभिवृदिका लागि भानु नगरपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु, सामुदयिक विद्यालयका शिक्षक/कर्मचारी तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने नीति लिइनेछ र यसका लागि सबैलाई प्रोत्साहित गरिनेछ ।

२५. विद्यालयस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तथ्याङ्कलाई अध्यावधिक र चुस्त बनाउन सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

२६. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र गुणस्तरिय बनाइनेछ । यसका लागि गाउँमा उत्पादित अर्गानिक खाद्यान्नको खाजा बनाउन प्रोत्साहित गरिनेछ ।

२७. संस्थागत विद्यालयहरुलाई शैक्षिक सुचना व्यवस्थापन प्रणालीमा आवद्ध गरी संस्थागत विद्यालय सञ्चालन मापदण्ड र प्रचलित कानून बमोजिम विद्यालय सञ्चालनका लागि आवश्यक निर्देशन तथा नियमन गरिनेछ ।

२८. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना, टिकाउ र शैक्षिक गुणस्तर कायम गराउन आधारभूत तहमा बाल विकास केन्द्रदेखि कक्षा ६ सम्मका बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२९. नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ लगायतका विद्यालय स्तरीय परिक्षाहरुलाई अनुशासित र मर्यादित रुपमा सञ्चालन गरिनेछ। साथै अन्य कक्षाका परीक्षाहरु नगर स्तरीय परीक्षा समिती मार्फत लिने गरी एकरुपता कायम गरिनेछ ।

३०. विद्यालयस्तर र नगर स्तरको वार्षिक शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित गरी समयबद्ध रुपमा कार्यान्वयन गर्नका लागि वार्षिक पाठयोजना सहितको सूचनामूलक शैक्षिक पात्रो (Academic Calendar) निर्माण गरी कार्यान्वयन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३१. बाल अधिकारको सुनिश्चितता कायम गरी बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance-CFLG)कार्यक्रम, जीवनोपयोगी सिकाई संगसंगै अतिरिक्त क्रियाकलाप संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३२. भानु नगरपालिका भित्र रहेका क्याम्पसहरुको पूर्वाधार विकास एंव सिकाई उपलब्धी विस्तारमा जोड दिईनेछ ।

३३. शैक्षिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थासँग समन्वय, सहकार्य र साझेदारी गर्ने नीति अबलम्बन गरिनेछ ।

ग) युवा तथा खेलकुद

१. आधारभूत र माध्यमिक विद्यालयहरुमा खेलको अनुकुल वातावरण निर्माण गर्न आवश्यक खेल सामग्रीको व्यवस्थापन गरिनेछ ।

२. हाउस वायरिंग, प्लम्बिंग, ड्राईभिंग, सिलाईबुनाई, व्युटिसियन तालिम, हेयरकटिङ शैलुन, मोटरसाइकल मर्मत वर्कसप लगायतका अन्य व्यवसायिक तालिमका लागि CTEVT संग समन्वय गरी युवाहरुलाई स्वरोजगारमुलक कार्यक्रमको व्यवास्था मिलाईनेछ ।

३. राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा सबै प्रकारका खेल विधा समेटेर स्वस्थ प्रतिस्पर्धात्मक रुपमा विद्यार्थीको व्यापक सहभागितामा व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।

४. नगर भित्रका युवाहरुलाई खेल प्रति आकर्षण गर्दै शारीरिक तन्दुरुस्ति र मानसिक स्फूर्तिका लागि वडास्तरीय खेलकुद मैत्रीपूर्ण मेयरकप खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

५. १६-२४ वर्ष उमेर समूहका युवाहरु बीच प्रतिस्पर्धात्मक रुपमा युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. युवाहरुमा व्यवसायिक सीप विकास गराई उद्यम व्यवसाय पहिचान,सञ्चालन,विस्तार र प्रवर्द्धन गर्न सक्षम बनाउने उद्देश्यले व्यवसायिक योजना (Business Plan) बनाउन सक्षम जनशक्ति तयार गर्ने अभियान स्वरुप यूवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

आनन्द राज त्रिपाठी

७. नमूना युवा संसदको अभ्यासबाट युवालाई देशको शासन प्रणालीसँग सुसूचित गराई नमूना नगरसभा सञ्चालनको माध्यमबाट युवाको नेतृत्व क्षमता विकास गराइनेछ ।

८. युवाहरुलाई सीप, पूँजी र प्रविधि हस्तान्तरण गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

९. वैदेशिक रोजगारीमा गएर फर्केका नागरिकहरुको विवरण व्यवस्थापनका लागि तर्जुमा गरिएको वैदेशिक रोजगारी सम्बन्धी डिजिटल प्रोफाइललाई आधार मानी विप्रेषणको सदुपयोग, उद्यमशिलता, सीप विकास, मनोसामाजिक परामर्श, वित्तीय सचेतीकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने आदर्श वाक्यलाई सार्थकता दिन र गाउँगाउँमा रहेका नवप्रतिभावान खेलाडीलाई अवसर सिर्जना गर्न वडासँग समन्वय गरी आवश्यक कार्यकम संचालन गरिनेछ ।

११. "एक वडा एक खेलमैदान" को अवधारणालाई सफल तुल्याउनको लागि प्रदेश तथा संघ सरकार संग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

१२. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शता मार्फत मनोसामाजिक परामर्शदाता सेवा र वित्तीय साक्षरताको कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१३. बढ्दो युवा दुर्व्यसनीलाई भानु नगरपालिकामा शुन्य बनाउनको लागि नेपाल प्रहरीसंग साझेदारी साझेदारी गरी टोल टोलमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

घ) खानेपानी तथा सरसफाई

१. समुदाय र नगरपालिकाको समन्वयमा समुदायकै नेतृत्वमा टोल टोलमा सामुदायिक सरसफाईको नियमित व्यवस्था गरी भानु नगरलाई स्वच्छ र सुन्दर नगरको रुपमा विकास गरिनेछ ।

२. प्राकृतिक मूलहरुको पहिचान, संरक्षण र सम्बर्द्धन तथा मूल दर्ताको लागि उपभोक्ता समितिलाई थप प्रभावकारी बनाईनेछ ।

३. भानु नगरपालिकालाई सुन्दर, स्वच्छ, सफा र स्वस्थ नगरपालिका बनाउनको लागि फोहोर संकलन तथा व्यबस्थापन कार्यलाई निरन्तरता दिंदै कार्यविधि बनाई थप प्रवाभकारी बनाईनेछ ।

४. कुहिने फोहोरमैलाबाट प्रांगारिक मल बनाउन जनचेतना र तालिमको व्यवस्था गरिनेछ ।

५. विद्यालयहरुमा शुद्ध पिउने पानीका लागि युरोगार्डको व्यवस्थापनमा थप प्रवाभकारी तथा मर्मत सम्भारको लागि सहयोग गरिने छ ।

६. 'एक घर एक धारा' को अभियानलाई सार्थक बनाउनको लागि खानेपानीको समस्या रहेका वडाहरुमा संघ तथा प्रदेशको समन्वय तथा स्थानीय तहमा रहेका खानेपानी संग सम्बन्धित गै.स.स.संग समेत समन्वय गरी स्वच्छ खानेपानी सेवा विस्तार गर्ने पहल गरिनेछ ।

७. नगर क्षेत्रका महत्वपूर्ण व्यापारिक क्षेत्रमा बनेका सार्वजनिक शौचालयहरुको समुचित व्यवास्थापन एवम् प्रयोग गरिनेछ । प्रत्येक वडामा कम्तिमा एक सार्वजनिक शौचालयको निर्माण गरी व्यवस्थापन सम्बन्धित वडाले नै गर्ने व्यवस्था मिलाइनेछ ।

८. धार्मिक स्थल, कोट, गढी, पदमार्ग जस्ता महत्वपूर्ण स्थलहरुमा खानेपानीको सहज उपलब्धलाई प्राथमिकतामा राखी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. भानु नगर भित्रका नदी नाला, खोलाहरुबाट बहुउपयोगी सम्भाव्यताको पहिचान तथा खोजी गरिनेछ ।

१०. प्रदेश सरकारका बृहत खानेपानीका योजनाहरु "मर्स्याङदी लिफ्ट खानेपानी" र "बृहत् चाम्बास खानेपानी" र अन्य निर्माणाधीन योजनालाई पूर्णताको लागि प्रदेश खानेपानी मन्त्रालयमा विशेष पहल गरिनेछ ।

११. सम्पन्न भएका खानेपानी आयोजनाहरुको पानीको मुहान संरक्षण र सम्बर्द्धन गर्ने, पानीको मुहानको स्रोतलाई लोप हुन नदिनका लागि जगेर्ना गर्ने, नियमित खानेपानी आपूर्ति र गुणस्तरियताका लागि स्थानीय खानेपानी र सरसफाई समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाहरुको दिगोपना कायम गरी खानेपानी आपूर्तिलाई सरल र सहज तुल्याईनेछ ।

१२. गण्डकी प्रदेश सरकारद्वारा लिफ्टिंग खानेपानी अनुदान एवं लिफ्टिंङ सिंचाईमा शत प्रतिशत अनुदान दिने व्यबस्था भएकोमा नगर भित्र आवश्यकताको पहिचान गरी कार्यक्रमहरु प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ ।

ङ) भाषा तथा संस्कृति

१. भानु स्मृति पार्क, ने मुनि पार्क, सहिद पार्क र कुसुन्डे पार्कलाई आकर्षणको केन्द्रका रुपमा विकास गर्न गुरुयोजना अनुरुप भौतिक पुर्वाधार निर्माणको कामलाई तिव्रता दिइनेछ ।

२. मौलिक संस्कृति, भाषा, भेषभुषा संरक्षणतर्फ आवश्यक व्यवस्था मिलाइने छ र सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृति सम्वर्द्धन तथा संरक्षण गर्ने नीति लिईने छ ।

३. "भानु बिर्खे क्याप" को HERITAGE नीति निर्माण गरी यसको संरक्षण र प्रवर्द्धन विकास र विस्तार गरिनेछ ।

४. "भानुको चिनो घाँसीको शान, नेपालीको पहिचान बिर्खे क्याप" को रुपमा बिर्खे क्याप घाँसी अभियान संचालन गरिनेछ ।

५. राष्ट्रिय स्तरका संस्कृति तथा चाडपर्वलाई विशेष महत्वका साथ संरक्षण र प्रवर्द्धनका लागि समुदायस्तरमा प्रोत्साहनमूलक कार्यक्रम अघि बढाइनेछ ।

च) सामाजिक समावेशीकरण

१. लागु औषध दुर्व्यसनी तथा ओसारपसार, मानव बेचबिखन, घरेलु हिंसा, जातीय-लैंगिक हिंसा तथा छुवाछुत र आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्युनीकरण तथा नियन्त्रणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

२. वडाहरुमा स्थापना भएका सामाजिक मेलमिलाप केन्द्र मार्फत थप कानुनी साक्षरता र सचेतनाका कार्यकम सञ्चालन गरिनेछ ।

३. बालश्रम, बालबिवाह, बहुविवाह जस्ता कार्य रोकथामका लागि नेपाल प्रहरी संगको साझेदारीमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४. दलित वर्गको उत्थानका लागि समानता र समावेशितालाई प्रवर्द्धन गर्दै निर्णय प्रक्रियामा समान पहुँच र संस्थागत विकासमा जोड दिईनेछ ।

५. विकासको मूलधारमा समावेशी हुन नसकेका दलित, जनजाति, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका समुदायलाई लक्षित गरी क्षमता अभिवृद्धि, आयआर्जन एवं चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. लैङ्गिक विभेदलाई हटाई महिलामैत्री नगरको रुपमा विकास गर्न नगरबाट सञ्चालन गरिने कार्यक्रमलाई लैङ्गिक सम्वेदनशील बनाइनेछ र महिला लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७. महिला सशक्तीकरण मार्फत् नगर भित्रका महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक सशक्तीकरण तथा क्षमता विकासका कार्यक्रम तथा पिछडिएका विपन्न एवं गृहिणी महिलाहरुको आर्थिक सशक्तीकरणको लागि जीविकोपार्जन, उद्यमशीलता र प्रोत्साहन कार्यक्रम गरिनेछ ।

८. बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गरिनेछ ।

९. सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री संरचना बनाईनेछ भने विद्यमान संरचनाहरुमा सुधार गरिनेछ । तिनीहरुको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्‍याइनेछ ।

छ) सामाजिक सुरक्षा तथा संरक्षण

१. गर्भ, बाल्य, यूवा र वृद्ध अवस्था सम्म आवश्यक पर्ने पोषणको मान्यताका आधारमा पोषण विशेष र पोषण संवेदनशील क्षेत्रहरुमा पोषण Approach कार्यक्रम लागु गरिनेछ ।

२. नगरपालिकाको मानव पूंजी निर्माणका लागि आगामी ४ वर्ष भित्र पोषण मैत्री स्थानीय शासन घोषणा गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको रुची र चाहना अनुसारको सीप र क्षमता विकास गरी प्रविधि उपलब्ध गराईनेछ ।

४. जेष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धिको लागि प्रमुखसंग बा-आमा कार्यक्रमलाई निरन्तरता दिईनेछ । प्रत्येक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ र नगरपालिकामा जेष्ठ नागरिक सेवा लिन आउँदा जेष्ठ नागरिक मैत्री व्यवहार सहितको सेवा प्रदान गरिनेछ ।

३. पुर्वाधार विकास

भानु नगरपालिकाको प्रमुख आवश्यकता सरल, गुणस्तरीय, दिर्घकालीन लक्ष्य प्राप्तिका मोटर बाटोजन्य पूर्वाधार विकास गर्नु हो । मौसमी बाटोका कारण कष्टपूर्ण जीवनयापन गर्नुपर्ने विवशताको अन्त्य गरी स्तरीय बाटोको पूर्वाधार र भौतिक विकास गरी यथार्थ विकासको प्रतिफल अनुभूत गराउन पूर्वाधार विकासमा देहायका नीति अवलम्बन गरिनेछ ।

१. सडक पुर्वाधार निर्माण गर्दा विद्यमान नगर यातायात गुरुयोजनालाई परिमार्जन गरी समय, परिस्थिति, भुगोल र आवश्यकताका आधारमा अध्यावधिक गरी स्तरीय सडकको प्रतिवद्दता अनुरुप जनसहभागितामा जोड दिदै नाली (पक्की), कल्भट, हयूमपाइप, कम्प्याक्ट ग्राभेल र कालोपत्रेमा जोड दिइनेछ ।

२. पूर्वाधार संरचना निर्माण गर्दा गुणस्तरीयता कायम गर्न, संरचनाको दिगोपना कायम गर्न, समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रममा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गर्ने र ठूला संरचनाहरु निर्माण गर्दा ठेक्का प्रकृयाद्वारा निर्माण गरिने नीतीलाई अंगिकार गरिनेछ ।

३. यस आ.व.मा प्राथमिकताको सडक निर्धारण गरी सबै मौसममा सवारी संचालन गर्न सक्ने नीति लिईनेछ । मूल सडकबाट वडा कार्यालय, स्वास्थ्य संस्था जोड्ने तथा विद्यालय जोड्ने सडकको निर्माण तथा कम्पाउण्ड निर्माणलाई प्राथमिकता दिइनेछ ।

४. गुणस्तरिय यातायात पूर्वाधार विकास, विस्तार र व्यवस्थापन गरिनेछ । साथै आ.व.२०८०/०८१ मा कच्ची सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

५. साना आयोजनाहरु रकम छर्ने, नगरवासीको जीवनस्तरमा दिर्घकालीन रुपमा प्रभाव नपारी तत्काललाई खुशी तुल्याउने प्रकृतिका कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।

६. आवधिक योजनामा समावेश भएका पूर्वाधार विकास तर्फका योजनाहरुलाई प्राथमिकताको आधारमा केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

७. Nature, culture, Agriculture र Infrastructure को अन्तरसम्बन्धलाई खयाल गरी विकास निर्माण कार्य अघि बढाइनेछ ।

८. भानु जन्मस्थल, भिसी शेरबहादुर, चन्द्रावती रतनपुर राइपाली-कालिमाटी, कालिमाटी कुन्छा, बाईसजागर-थानिकोथान, टुहुरेपसल, मादी मर्स्याङ्दी कोरिडोर, भानु मार्गको कालोपत्रे योजनालाई पूर्णता दिन प्रदेश र संघका सम्वन्धित निकायहरुसंग पहल गरी निर्माण सम्पन्न गरिनेछ ।

९. निर्माण सामग्रीको आपूर्तिमा कमि हुन नदिन वैकल्पिक स्रोत खानीहरुबाट सम्भाव्यता अध्ययन गरी उत्खनन गर्न आवश्यक कानुनी प्रवन्ध तथा कार्यविधि बनाइनेछ ।

आनन्द राज त्रिपाठी
प्रमुख

१०. नगरपालिका क्षेत्रभित्र पूर्वाधार विकास गर्न मुख्य मुख्य आयोजना छनौट गरी डिपिआर तयार गरी सम्बन्धित निकाय र तहसंग समन्वयात्मक रुपमा निर्माण कार्य अगाडि बढाईनेछ ।

११. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रम प्रधान तथा उपलब्धिमुलक योजनाहरु छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न लागत साझेदारी गरिनेछ ।

१२. नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरितका कार्यलाई निरुत्साहित गरिनेछ ।

१३. सडक निर्माण गर्दा अनिवार्य कम्तिमा ६०% श्रममुलक एवं संरचना निर्माणको काम र बढिमा ४०% डोजरको प्रयोग गरी श्रममुलक कार्यलाई प्राथमिकता दिईनेछ।

१४. सरकारी तथा सार्वजनिक जग्गा, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण गरी दिर्घकालीन रुपमा भाडा/लिजमा उपलब्ध गराउनुका साथै "हरियो वन नेपालको धन" को नारालाई अंगिकार गर्दै खुल्ला सार्वजनिक स्थानमा बृक्षरोपण गर्नको लागि कार्यपालिकाबाट आवश्यक कानुन/कार्यविधि निर्माण गरी कार्यन्वयन गर्ने नीति लिईनेछ ।

१५. भौतिक संरचना निर्माण गर्दा लाभग्राही समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने, रोजगारीमा सघाउ पुर्याउने, निर्माण पछिको संरचना र मर्मतमा लाभग्राहीको अपनत्व सिर्जना हुने, दिर्घकालमा नगरपालिकाको आय आर्जनमा सघाउ पुर्याउने, वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोगी हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

१६. भानु साहित्य उद्यानको गुरुयोजना निर्माण गरी राष्ट्रिय अन्तराष्ट्रिय स्तरको साहित्य र सांस्कृतिक हव (Hub) निर्माण गर्न संघ सरकारसँग आवश्यक समन्यव गरिनेछ ।

१७. नेपाल सरकारबाट जारी भु-उपयोग ऐन, २०७६ बमोजिम वर्गीकरण भएका जग्गाको भु-उपयोगलाई व्यवस्थित र प्रणालीबद्ध गरिनेछ ।

१८. विगतमा कार्यान्वियनमा आएका राष्ट्रिय तथा स्थानीय गौरवका आयोजना लगायत रणनीतिक महत्वका आयोजनाहरुलाई समयमै सम्पन्न गर्न स्रोतको व्यबस्थापन गरिनेछ ।

४) संस्थागत विकास, सेवाप्रवाह र सुशासन

असल शासन प्रत्येक नागरिकले महशुस गर्ने विषय हो । सुशासनको अनुभूति दिलाउन प्रभावकारी सेवा, ढिलासुस्तीको अन्त्य, प्रकुयामूखी प्रशासन यन्त्रलाई नतिजामूखी बनाई सरल र सहज ढंगले सेवा प्रदान गर्ने तथा अनियमितता र भष्ट्रचारका अवशेषहरुको अन्त्य गर्नु अपरिहार्य छ । सुशासनको प्रभावकारीता वृद्धि गरी नागरिकमैत्री सेवा प्रवाह गर्न तपसिल बमोजिमको नीति कार्यक्रम सञ्चालन गरिनेछ ।

१. भानु नगरपालिकाको प्रशासनिक केन्द्र सम्बन्धी विवादका सम्बन्धमा सरोकारवालाहरुसँग समन्वय, परामर्श र छलफल गरी उपयुक्त निकास निकाल्नका लागि पहल गरिनेछ ।

२. भानु नगरपालिकाले तयार पारेको पञ्चवर्षीय आवधिक नगर विकास योजनालाई स्रोत र साधनको कुशल व्यवस्थापन र परिचालनमा जोड दिईनुका साथै संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा भानु नगरपालिकाको संगठनात्मक संरचनालाई चुस्त र दुरुस्त तुल्याइनेछ ।

४. भ्रष्टचार विरुद्ध शुन्य सहनशिलाताको नीतिलाई नगरले कुशल रुपमा कार्यन्वयन गर्नेछ । पदाधिकारी र कर्मचारीमा भ्रष्टचार विरुद्ध राष्ट्रिय प्रतिवद्धता र कानुनको परिपालनमा जोड दिई व्यक्तिगत रुपमा सदाचारिता र इमान्दारितालाई प्रवर्द्धन गरिनेछ ।

५. नगरपालिकाबाट सम्पादन हुने कामहरुमा सूचना प्रविधिको प्रयोग गरी सरल र व्यवस्थित बनाइनेछ ।

६. सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी प्रोत्साहन, तालिम, भ्रमण र अन्य पालिका बीच समन्वयको व्यवस्था मिलाईनेछ ।

आनन्द राज तिवारी

भानु नगरपालिका
२०८०।०३।१०

७. काममा आधारित प्रोत्साहन प्रणालीलाई कार्यन्वयन गर्न आवश्यक मापदण्ड तर्जुमा गरी लागु गरिनेछ ।

८. भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि नियमित रुपमा नीतिगत सुधार सार्वजनिक सुनुवाइ, खर्च सार्वजनिकीकरण र अनुगमनलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।

९. गुणस्तरीय सेवा प्रवाहको लागि राष्ट्र सेवक कर्मचारी तथा शिक्षकहरुको मनोबललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी समर्पित गराउन उत्प्रेरणामूलक तथा प्रोत्साहनमुलक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

१०. भानु नगरपालिकाका हरेक वडा कार्यालयमा नागरिक सेवा प्रवाहलाई अवरुद्ध हुन नदिनका लागि हाल वडा नं १, ३ र ८ मा सोलार/इन्भर्टर प्रविधिको विस्तार गरिएकोमा अन्य वडाहरुमा पनि उक्त प्रविधि संचालनमा ल्याईनेछ ।

११. वडा कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ साथै नगरकार्यपालिकाको डिजिटल नागरिक वडापत्र बमोजिम सेवा प्रवाहलाई थप जनमुखी, उत्तरदायी र जवाफदेही बनाइने छ।

१२. भानु नगरपालिकाको डिजिटल प्रोफाइललाई अधावधिक र प्रभावकारी बनाई नागरिकको सहज पहुचको प्रवन्ध मिलाइनेछ ।

१३. नगरपालिकाको खरिद र ठेक्का प्रक्रियालाइ प्रतिस्प्रर्धात्मक बनाउन आवश्यकता, औचित्यता र जनशक्तिको क्षमताका आधारमा E-bidding प्रणालीलाई निरन्तरता दिइनेछ ।

१४. पेश्की तथा बेरुजूहरु शुन्य अवस्थामा राख्न लेखा समितिमा दफाबार छलफल गरी नगरसभा समक्ष पेश गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१५. राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुलाई नगरक्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न प्रोत्साहन गरिनेछ ।

१६. नगरपालिका र वडामा कार्यरत कर्मचारीहरुको लागि कार्य विवरण बनाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१७. नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि प्रचलित कानून, प्रशासनिक प्रक्रिया तथा कार्यसम्पादनमा आधारित क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१८. नगरपालिकाको विकास निर्माणलाई तिव्रता दिन र भानुवासीको समृद्धिको चाहनालाई पुरा गर्न वार्षिक बजेट निर्माण गर्दा चालु तर्फको बजेट क्रमशः न्यूनीकरण गर्दै पुँजीगत खर्च वृद्धि गर्दै लगिने नीति लिइनेछ ।

१९. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA/FRA) कार्यविधि अनुसारको मूल्याङ्कनमा उत्कृष्ट अंक हासिल गर्ने गरी कार्यप्रणालीलाई सुदृढ गर्दै यस सम्बन्धी अभिलेखलाई व्यवस्थित गरिने छ ।

## ५) वन, वातावरण तथा विपद् व्यवस्थापन

प्रकृतिको महत्वपूर्ण पक्ष वन तथा वातावरणको संरक्षणले समग्र प्राणी जगतको पर्यावरणीय प्रणालीको सन्तुलन, संरक्षण गर्न सकिने भएकोले वातावरण र विकास बीचको सन्तुलन कायम गरी सम्भावित जोखिमहरुको न्यूनीकरण गर्न निम्नानुसार नीति कार्यक्रम अवलम्वन गरिनेछ ।

१. बाढी, पहिरो, भुक्षय, भूकम्प र अन्य माहामारिको उपयुक्त व्यवस्थापन मार्फत आर्थिक, सामाजिक र वातावरणीय प्रभाव र जनधनको क्षति कम गर्न एकीकृत विपद् व्यवस्थापन नीति सहितको रणनीतिक योजना तर्जुमा गरी आगामी आ.व. मा नै कार्यन्वयन गरिनेछ ।

२. विपद् व्यवस्थापन कोषलाई बलियो वनाउन सरकारी, गैरसरकारी, सार्वजनिक, निजी क्षेत्रको वित्तीय सहयोग आव्हान गर्ने नीति लिइने छ ।

३. पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी योजना कार्यक्रम सञ्चालन गरिनेछ।

४. समुदायिक वन तथा नगरभित्र निर्माण भएका सडकको किनारामा निर्माण सँगै अम्रिसो, बाँस आदिको वृक्षारोपण गर्ने नीति लिईनेछ ।

भानु नगरपालिका
२०८०।०३।१०

भानुनगरपालिका
२०८०।०३।१०

५. बजार क्षेत्रमा भवन लगायत भौतिक निर्माण कार्य गर्दा सडकको मापदण्ड, ढल, खेल मैदान, पार्क जस्ता विषयहरुलाई प्राथमिकता दिई निर्माण गर्न जोड दिईनेछ ।

६. सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा वन, जंगल, जडिबुटी, पानीका मुहान तथा वन्यजन्तुलाई असर नपर्ने गरी निर्माण गर्ने र जैविक विविधता तथा पर्यावरणीय संरक्षण गर्न उपभोक्ता समितिहरुलाई जागरुक बनाईने छ ।

७. वन क्षेत्रलाई अनियन्त्रित डढेलो, अतिक्रमणबाट प्रभावकारी ढंगले संरक्षण गर्न उपभोक्ता समितिहरुलाई परिचालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. वातावरण संरक्षणका लागि परम्परागत पोखरी तथा चौतारीको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।

९. महामारी रोग तथा प्राकृतिक विपत्तिमा उद्धार, राहत एंव पुनर्स्थापनाका लागि मौजुदा विपद् व्यवस्थापन कोषमा अन्य निकाय/व्यक्ति/संघ संस्था समेतको योगदान जुटाउने प्रयास गरी आकस्मिक विपद् व्यवस्थापनमा सहयोग गरिनेछ ।

१०. मर्स्याङ्गदी, चुँदी, पाउदी, फाउदीखोला लगायत विभिन्न नदी तथा खोलाहरुबाट हुने कटानलाई न्यूनीकरण गर्ने खालका कार्यक्रमहरुमा ठूलो धनराशी लाग्ने हुनाले संघीय एंव प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ ।

११. नगरका विभिन्न क्षेत्रमा देखिएका बाँदर लगायतका वन्यजन्तुको आक्रमण तथा क्षतिको मूल्याङ्कन गरी यसको न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विपद् व्यवास्थापनमा पूर्व तयारी प्रतिकार्य उद्धार, राहत र पुनः स्थापना योजनालाई प्रभावकारी रुपमा गरिनेछ ।

## ६) राजस्व, प्रशासन र विविध

१. राजस्व संकलनका लागि नगरपालिका तथा वडा कार्यालयहरुमा प्रयोग भइरहेको अनलाइन सिस्टम तथा QR कोडबाट राजस्व भुक्तानी गर्ने प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२. नगरपालिका र वडा कार्यालयहरुमा नियमित आन्तरिक अनुगमन, सुपरिवेक्षण र लेखा परिक्षण गरी कर चुहावट नियन्त्रण गरिनेछ ।

३. पर्यावरण र वातावरणीय सन्तुलन कायम गर्दै वातावरणीय प्रभाव मुल्याङ्कनका आधारमा ठेक्का प्रणाली मार्फत नदी र खोलाका घाटहरुबाट राजस्व संकलन गरिनेछ ।

४. नगरबाट लगाईने कर, दस्तुर, शुल्क, दण्ड, जरिवाना आदिको संकलन कार्यलाई सरल तथा सहुलियतपूर्ण बनाईनेछ ।

५. कर सम्भाव्यताको अध्ययन गरी करको दायरा बढाई कर प्रणालीमा नागरिकको सहभागिता वृद्धि गरिनेछ र राजस्व अभिवृद्धिबाट कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गर्दै लगिने छ ।

६. बढी भन्दा बढी व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ र महिला उद्यमीले सञ्चालन गरेको व्यवसायमा लाग्ने करमा २५ प्रतिशत छुट दिईने व्यवस्था मिलाईनेछ ।

७. राजश्व सुधार वर्षका रुपमा अभियान संचालन गरी **"मैले तिरेको कर मेरो विकासको लागि"** भन्ने अवधारणालाई विकास गर्दै नगरवासीहरुमा करको अपनत्व बोध गराउनको लागि उद्योग व्यवसायीहरु संगको समन्वयमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

८. स्थानीय भू-उपयोग परिषदको निर्णय अनुसार भूमिहिन सुकुम्वासी दलित सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लागि जग्गा नाप जाँच गर्दा निश्चित मापदण्ड कायम गरी प्रक्रिया अघि बढाउने नीति लिइनेछ ।

९. भानु नगरपालिकाको सडक यातायात गुरुयोजना (MTMP) अद्यावधिक गरी नगरपालिका क्षेत्र भित्रका सडकहरुको लगत कट्टा गरिनेछ ।

१०. भानु नगरपालिका क्षेत्र भित्र निर्माण भएका तर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नगरेका (खोला, नहर, कुलो, सडक, जस्ता मापदण्डका कारण नक्सा पास नभएका बाहेक) सरकारी संस्थागत निजी वा सबै प्रकृतिका (घर, भवन, स्थायी वा

भानुनगरपालिका
२०८०।०३।१०

अस्थायी) संरचनाहरुको नक्शा पास गरी नियमित / अभिलेखीकरण गर्ने नीति लिइनेछ । साथै यसका लागि स्थानीय भवन संहिता (Local building bye laws) बनाई कार्यान्वयन गरिनेछ ।

११. नगरस्तरीय गौरवका आयोजना सञ्चालन गर्नका लागि आवश्यकता र औचित्यताका आधारमा नगर विकास कोषको मापदण्ड भित्र रही अनुदान र ऋण समेत लिन सकिने नीति लिइनेछ ।

**७) गै.स.स., निजी क्षेत्र तथा साझेदारीता :**

१. नगरपालिकासंग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई प्राथमिकता दिई स्थानीय सरकार संचालन ऐनमा भएको व्यवास्था समेतका आधारमा विकासका गतिविधिमा स्थानीय माग र आवश्यकताका आधारमा गै.स.स.संग समन्वय तथा सहकार्य गरिनेछ ।

२. सूचना तथा संचार प्रक्रियालाई थप प्रभावकारी बनाउन सूचना तथा संचार माध्यमहरु सँगको साझेदारीमा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ । साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगत सँग नगरपालिकाको समग्र विकासको अभियानमा सुझाव, सल्लाह र सहयोगका साथ अगाडि बढ्ने नीति लिईनेछ ।

**नगरसभाका सदस्यज्युहरु**

नीति तथा कार्यक्रमको कार्यान्वयनबाट **"समुन्नत** भानु" को गन्तव्यमा पुग्नको लागि हाम्रो स्थानीय सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दुमा आम नागरिक हुनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मान र उत्तिकै महत्वको प्रत्याभुति गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबै पक्षहरुबाट सदा झैं सहयोग, रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दै गरिमामय यस नगरसभाबाट बिदा हुन्छु । धन्यवाद , जय भानु ।

आनन्द राज त्रिपाठी
प्रमुख

आनन्द राज त्रिपाठी
नगर प्रमुख
भानु नगरपालिका तनहुँ